# नेपाली राजनीतिमा दलित समावेशीकरण

परशुराम रम्तेल[1]
ramtelparshuram@gmail.com

## सारांश

*समावेशीकरण भन्ने विषय आफैंमा वृहत र गतिशील विषय हो । समाज र राज्यमा विगतदेखि नै आर्थिक, राजनीतिक, सामाजिक–सांस्कृतिक, शैक्षिक, मावन स्रोत र साधनको क्षेत्र लगायतका जीवनका सम्पूर्ण पक्षबाट शक्ति र पहुँचबाट वहिष्करणमा पारिँदै आएका वर्ग र समुदायलाई विशेष प्रावधानको विकासद्वारा राज्यको मूल प्रवाहमा ल्याउन विशेष सिद्धान्तको अवलम्बन गर्नु नै समावेशीकरण सिद्धान्त हो । नेपालको राजनीतिमा दलित समुदायको राजनीतिक प्रतिनिधित्व र उपस्थितिलाई विभिन्न कोणबाट हेर्नु उपयुक्त हुन्छ । आजको भूमण्डलीकृत विश्वमा जात व्यवस्थाका कारण दलित समुदायको उपस्थिति हरेक क्षेत्रमा निकै नै कमजोर छ । नेपालको राजनीतिक आन्दोलनको इतिहासमा दलित समुदायले यथेष्ट मात्रामा आफ्नो भूमिका खेल्दै बलिदानको कोटा चुक्ता गर्दै आएका छन् । तर, परिवर्तनपछि राजनीतिक दलभित्र, राज्यसंरचनामा र राजनीतिमा दलित मुद्दाहरु तथा यस समुदायको भौतिक उपस्थिति सधैंव कमजोर रहँदै आयो । दलित समुदाय केही पनि होइनन्, उनीहरुको मुद्दा र प्रतिनिधित्वलाई खासै महत्व दिनुहुँदैन, दलितलाई घृणा, विभेद र अपमान नै गरिरहनु पर्दछ भन्ने परम्परावादी गलत भाष्यले काम गरेको देखिन्छ । यस लेखमा नेपाली राजनीतिमा दलित सहभागिताको अवस्था कस्तो छ ? सहभागिता कमजोर हुनुमा कस्तो प्रवृत्तिहरुले काम गरेको छ ? संवैधानिक र कानूनी व्यवस्था कस्ता छन् र यसको प्रभावकारी कार्यान्वयनमा राज्य र राजनीतिक दलहरुले कस्ता उपायहरुको अवलम्बन गर्नुपर्ला, दलित मुक्तिका लागि सकारात्मक उपायका विशेष व्यवस्था कस्तो हुनुपर्ला आदि बारेमा अध्ययन, अनुसन्धान र विचार विमर्श गर्न खोजिएको छ । नेपाली दलित आन्दोलनलाई नयाँ ढंगले समाजको विकास प्रक्रिया, राज्यका दलित सम्बन्धी प्रावधान र राजनीतिक दलहरुले दलित सम्बन्धी प्रगतिशील नीतिको अवलम्बन गरी दलित मुद्दाप्रतिको सही बुझाईसहित राजनीतिक क्षेत्र र राज्यप्रणालीभित्र दलित समुदायको सहभागितामा वृद्धि गर्दै समानुपातिक सहभागितामा पुर्याउने नीति लिई त्यसको प्रभावकारी कार्यान्वियन गरिनु पर्ने जरुरी देखिन्छ ।*

## मुख्य पदावलीहरू

दलित, समावेशीकरण, विभेद, प्रवृत्ति, मुक्ति, नीति, उपायहरु ।

---

[1] परशुराम रम्तेल त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र सङ्काय अन्तरगत एमफिल पिएचडी तहका विद्यार्थी (शोधकर्ता) हुन् ।

# परिचय

नेपालको संविधानमा प्रत्याभूत गरिएका दलित समुदायका हक अधिकारहरुलाई राज्यका प्रमुख निकाय र क्षेत्रहरुमा लागू भएका छन् कि छैनन् र नेपाली राजनीतिमा यो समुदायका मुद्दाहरु कसरी उठ्दै आएका छन् भन्ने बारेमा अध्ययन गर्ने प्रयास यस लेखमा गरिएको छ । वि.सं. २००७ सालको राजनीतिक परिवर्तन भन्दा पनि अघिदेखि शुरुभएको नेपाली दलित मुक्ति आन्दोलन अहिलेको अवस्थासम्म आइपुग्दा विगतमा दलित सहभागिताको ऐतिहासिक पृष्ठभूमि पनि यहाँ समावेश गरिएको छ । नेपालमा राजनीतिक पार्टीहरु स्थापना हुनुभन्दा पुर्व नै बाग्लुङका भगत सर्वजीत विश्वकर्माले दलित मुक्ति आन्दोलनलाई अघि बढाएका थिए । उनले तत्कालीन राणा शासनको राजनीतिक गतिविधिका विरुद्ध कडा प्रतिबन्धका बीचमा पनि छुवाछूत र जातीय भेदभावका विरुद्ध संगठित रुपमा दलित आन्दोलनको शुरुवात गरेका थिए । यो आन्दोलनले विभिन्न आरोह र अवरोह पार गर्दै करिब ८ दशक पार गरिसकेको छ । संविधान सभाबाट निर्माण भएको नेपालको संविधानमा दलित समुदायको हक र अधिकारलाई इतिहासमा पहिलो पटक मौलिक अधिकार अन्तर्गत धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक र धारा ४० मा दलितको हक स्थापित हुनु ऐतिहासिक उपलब्धी हो । तर, संविधानमा सुनिश्चित गरिएको समानुपातिक समावेशी सिद्धान्तको मर्म र भावना अनुसार राज्य संरचनाका सबैजसो निकाय र क्षेत्रमा दलितको उपस्थिति र सहभागिता हुन सकिरहेको छैन ।

विगतको राज्यप्रणालीको चरित्र र स्वरुप तथा दलित समुदायको उपस्थितिको तुलनामा यो समुदायको प्रतिनिधित्व बढेको छ । यो आफैंमा निकै सकारात्मक छ । संवैधानिक र कानूनी रुपमा दलितमाथिको छुवाछूत र जातीय विभेदलाई गम्भीर सामाजिक अपराधको रुपमा परिभाषित गर्दै सो कार्यलाई दण्डनीय पनि बनाइएको छ । दलितमाथि थोपरिएको समस्या रुपमा देख्दा सांस्कृतिक चरित्र बोकेको तर सारमा वर्गीय पक्षधरतासहितको राजनीतिक समस्या हो । किनकि विगतको सामन्तवादी राज्यसत्ताबाट मनुस्मृतिको आधारमा विभेदकारी नीति र नियमनै बनाएर दलित समुदायमाथिको उत्पीडनलाई संस्थागत गरी छुवाछूत प्रथाको रुपमा विकास गरिएको हो । उनीहरुलाई सामाजिक–सांस्कृतिक रुपमा मात्रै विभेद र अपमान नगरिकन आर्थिक, राजनीतिक लगायत सामाजिक जीवनका सबै क्षेत्रहरुबाट बहिष्करण गरिएको कारण अधिकांश दलित समुदायको समग्र विकासको अवस्था अरु समुदायको तुलनामा कमजोर छ । यस लेखमा राज्यका विभिन्न संरचनाहरुमा दलितको प्रतिनिधित्व कस्तो छ र संविधानमा उल्लेख गरिएको समानुपातिक समावेशी सिद्धान्तको मर्म र भावना अनुसार कस्तो हुनुपर्दछ भन्ने कुरा यस लेखमा उठाउन खोजिएको छ ।

नेपाली समाजमा लामोसमयदेखि राज्यद्धारा नै पछाडि पारिएका उत्पीडित समुदायलाई संवैधानिक र कानुनी रुपमा अधिकार सम्पन्न बनाउँदै व्यवहारीक रुपमा नै समतामूलक समाज निर्माण गर्नका लागि थुप्रै प्रयास र प्रयत्नहररू हुँदैआएका छन् । नेपालको संविधानको प्रस्तावनामा नै विभिन्न जाति र समुदायको विविधतायुक्त विशेषतालाई आत्मसात् गरी वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ (नेपालको संविधान, २०७२, पृ.१) । त्यसैगरी राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व अन्तर्गत धारा ५१ (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरिएको छ । त्यसैगरी संविधानको धारा ४२ को सामाजिक न्यायको हकमा सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, लगायत विभिन्न वर्ग र उत्पीडित समुदायका अधिकारहररूको व्यवस्था उल्लेख गरिएको छ ।

संविधानको भाग–३ को मौलिक हक र कर्तव्य अन्तर्गतको धारा ४० को दलितको हकमा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिने प्रावधान राखिएको छ (नेपालको संविधान, पृ.६) । भाग ३, मौलिक हक र कर्तव्य) समानुपातिक समावेशी सिद्धान्तका आधारमा कानूनहरु पनि निर्माण भएका छन् । तर, दलित समुदायको उपरोक्त हक अधिकारहरू कार्यान्वयनका सवालमा खासै प्रगति भएका छैनन् । यसमा मुख्यतः राज्यका जिम्मेवार निकाय र सरोकारवाला पक्षहररू विशेष गम्भीर हुन जरुरी छ ।

## अध्ययनको उद्देश्य र विधि

नेपालको राजनीतिमा दलित समुदायका मुद्दाहररू कसरी उठ्दै आएका छन् । राज्यका विभिन्न संरचनाहरूमा, राजनीतिक दलभित्र, राज्यका राजकीय पदहरूमा यो समुदायको राजनीतिक प्रतिनिधित्वको अवस्था विगतदेखि हालसम्म कस्तो रह्दै आएको छ ? के कस्ता संवैधानिक र कानूनी प्रावधानहरूको व्यवस्था भएका छन् ? त्यसमा अपुग भएका पक्षहरूलाई कस्ता नीति र विधिको अवलम्बन गरिनु पर्दछ ? आदि विषयमा यस लेखमा अध्ययन र विश्लेषण गरी सुझाबहररू दिनु यसको उद्देश्यहरु रहेका छन् । यसमा मुलभूत रुपमा दलित समुदायमाथि हुँदैआएका विभिन्न खाले उत्पीडनको ऐतिहासिकता, राज्यका नीति र प्रावधानका सन्दर्भमा संविधान र कानून, कार्यपालिका र व्यवस्थापिका तथा स्थानीय तहमा दलितको उपस्थितिका सवालमा विभिन्न दस्तावेजहरु, पुस्तक र प्रतिवेदनहरूलाई प्राथमिक तथ्यांकको स्रोत संकलन गरी अध्ययन विधिको रुपमा लिने

प्रयत्न गरिएको छ । त्यसैगरी गत २०७९ सालको संघ र प्रदेशको निर्वाचनको परिणामबाट पहिलो, दोस्रो र तेस्रो स्थानमा स्थापित भएका राजनीति दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले दलित सम्बन्धी लिइएका नीति, केन्द्रको पार्टी संरचनामा सहभागीताको स्थितिको अध्ययन र विश्लेषण गरिएको छ ।

## दलित समुदायमाथिको उत्पीडनको पृष्ठभूमि

वर्णाश्रम व्यवस्था दक्षिण एसियाली समाजको पनि मुख्यतः भारतमा आजभन्दा करिब पाँच हजार वर्ष अघि यूरोप, इरान हुँदै प्रवेश गरेको थियो । भारतको गंगाको मैदान हुँदै इतिहासको एउटा कालखण्डमा यो प्रथा नेपाल प्रवेश गर्‍यो । हिन्दु सामन्तवादले आफूलाई विकास र विस्तार गर्दै जाँदा नेपाली समाजमा पनि तीब्र गतिमा विभेदकारी शोषण र दमनको संस्कृति भित्रियो । वास्तवमा छुवाछूत र जातीय विभेदजन्य समस्या नेपालको आफ्नै मौलिक समस्या होइन । ऐतिहासिक रुपमा हिन्दू सामन्तवादको प्रवेश र विस्तारपछि समाज र राज्यको संरचना स्वभाविक रुपमा हिन्दू सामन्तवादी ढंगले नै हुन पुग्यो । समाज र राज्यको संरचनामा छुवाछूत र भेदभाव सहितको वर्णव्यवस्थाद्धारा निर्धारित तहगत संरचना नै मूल रुपमा बाँकी छ वा त्यसको जबर्जस्त प्रभाव सर्वत्र कायम छ (आहुति, २०७१, पृ.१३८)।

नेपालमा भारतबाट विस्तारकै क्रममा व्यवस्थित गरिएको वर्णाश्रम व्यवस्था आफ्नै मौलिकतामा विकास हुँदै आयो । लिच्छवी कालबाट शुरु गरिएको छुवाछूत र विभेदलाई जयस्थिति मल्लको शासनकालमा काठमाण्डौ उपत्यकाको नेवारी समाजमा संस्थागत गरियो । उनले शूद्र (दलित) हो वा होइन भनी चिन्नको लागि साना जातलाई गरगहना सुन र चाँदीको लगाउनु पर्ने, लुगा कपडा नयाँ लगाउन नपाउने र घर बनाउँदा पनि ठूलो बनाउन नपाउने आदि विभेदकारी नियम बसालिदिएका थिए । मनुस्मृतिका प्रावधानहरुलाई एक हदसम्म लागू गरेका थिए ।

धन कमाउन सक्ने भए पनि शूद्रले धन जम्मा गर्नुहुँदैन, किनभने धन कमाइसकेपछि शूद्रले ब्राह्मणलाई नै बाधा पार्छ (मनुस्मृति, १०/१२९, पृ.२६३) । दलितलाई धन, सम्पत्ति कमाउन र जम्मा पार्न पनि बर्जित गरिएको छ । यसको मूल कारण भनेको दलितले धन कमाएपछि, हुनेखाने भएपछि र शिक्षादिक्षामा पहुँच पुगेपछि सबै हिसावले सम्पन्नशाली हुने र उसलाई दमन, शोषण गर्न नपाइने चिन्ताका साथ त्यस्ता विभेदकारी नियम र परम्पराको थालनी गरिएको थियो । नेपालमा दलित समुदायमाथिको उत्पीडन लिच्छवी कालबाट शुरु भई जयस्थिति मल्लको पालामा संस्थागत गर्दै गोरखाका राम शाहको शासनकालसम्म आउँदा त्यसलाई अझ व्यवस्थित गरिएको देखिन्छ । “एउटा सक्षम, स्वाभिमानी, विवेकी र विभेद केही पनि होइन भन्ने गैरदलित केटाले आफूसँगै पढेको सहपाठी र अत्यन्त सक्षम दलित केटीसँग भावना मिलेर प्रेम गर्‍यो र आफ्नो परिवारसँग त्यस केटी साथीलाई विवाह

गर्ने प्रस्ताव गर्‍यो भने केटाको परिवारले सहजै स्वीकार्दैन ।" यो सबै त्यही आध्यात्मवादी विश्वास र वर्णाश्रम व्यवस्थाको वैचारिक सोंच, चिन्तन, सांस्कृतिक संस्कार र संस्कृतिको लामो सिकाई र अभ्यासकै उपज हो ।

## समावेशीता सम्बन्धी संवैधानिक तथा कानूनी प्रावधानहरू

संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिने उल्लेख गरिएको छ (नेपालको संविधान, २०७२, पृ.१) ।

संविधानको धारा ८४ को उपधारा २ मा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ भनी उल्लेख गरिएको छ । यसरी संविधानमा नै विगत लामोसमयदेखि शासनसत्ताका विभिन्न निकाय र क्षेत्रमा पछाडि पारिएका उत्पीडित समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउनको लागि आठ वटा क्लस्टर बनाएर समानुपातिक सहभागिताको सिद्धान्त अनुरुप जनसंख्याको आधारमा समावेश गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ (नेपालको संविधान, २०७२, पृ.४१) ।

विधानमा राजनीतिक दल सम्बन्धी व्यवस्था अन्तर्गत संविधानको भाग २९ को राजनीतिक दल सम्बन्धी व्यवस्थाको धारा २६९ को उपधारा ४ को ग मा दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ भनी उल्लेख गरेको छ (नेपालको संविधान, २०७२, पृ.१३९) । संविधानमा भएका यी व्यवस्थाहरुलाई मुख्यतः निर्वाचन सम्बन्धी ऐन र समावेशीता सम्बन्धी अन्य ऐन, कानुनको निर्माण गर्ने र भएका ऐन, कानुनमा आवश्यक संशोधन गर्नुपर्ने देखिन्छ ।

दलित समुदायमाथिको छुवाछूत र जातीय विभेदको अन्त्य गर्नको लागि सरकारी संरचनाबाट हस्तक्षेप गर्नका लागि, सरकारका विभिन्न निकायबाट लिइने दलित सम्बन्धी नीतिको अध्ययन र अनुगमनको लागि, सरकारका सबै अंग, निकाय र क्षेत्रमा दलित नीतिको बारेमा र मुख्यतः नेपाल सरकारलाई नीति, योजना, कार्यक्रमहरू आदिका बारेमा सुझाब र सिफारिस दिनको लागि राष्ट्रिय दलित आयोगको व्यवस्था संविधानमा नै गरिएको छ

नेपालको संविधान, २०७२, पृ.१३०–१३३) । नेपाली दलित आन्दोलनले वर्षौंदेखि दलित आयोग संवैधानिक हुनुपर्ने विषय उठाउँदै आएको थियो । त्यसकारण यो एउटा ठूलो महत्वपूर्ण उपलब्धी हो । त्यसैगरी दलितमाथिको छुवाछूत र जातीय विभेदविरुद्धको ऐनमा विभेदजन्य कार्य गरेमा जरिवानाको रकम अधिकतम दुईलाखसम्म हुने र पटके अपराधीलाई पटकैपिच्छे दोब्बर सजायको व्यवस्था गरेको छ (जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८) ।

निजामति सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा रहेको प्रावधान अनुसार खुला प्रतियोगिताद्धारा पूर्ति हुने पदहरू मध्ये पैतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिलाका लागि ३३ प्रतिशत, आदिवासी जनजातिका लागि २७ प्रतिशत, मधेसीका लागि २२ प्रतिशत, दलितका लागि ९ प्रतिशत, अपांगता भएका व्यक्तिका लागि ५ प्रतिशत र पिछडिएको क्षेत्रका लागि ४ प्रतिशत छुट्याई सोही समूहभित्रकै उम्मेदवारहरूबीच प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने कानूनी व्यवस्था रहेको छ (निजामति सेवा ऐन, २०४९) ।

संविधानमा छुवाछूत र जातीय भेदभावलाई गम्भीर सामाजिक अपराधको रुपमा व्याख्या गरिनु, मौलिक हकमा छुवाछूत तथा भेदभाव विरुद्धको हक र दलितको हकको व्यवस्था हुनु, छुवाछूत विरुद्धको ऐन निर्माण हुनु, राज्यसंरचनाभित्र दलितहरूको प्रतिनिधित्व बढ्दै जानु, राजनीतिक दलहरूभित्र पनि सहभागितामा वृद्धि हुनु आदि महत्वपूर्ण उपलब्धीहरु भएका छन् । त्यसैगरी मनुवादी संस्कार र संस्कृतिका कारणले गर्दा दलितप्रतिको मुद्दामा राज्य र दलहरुको बेवास्तापन हुनु, दलितप्रतिको विभेद र मनोवैज्ञानिक उत्पीडन अझैपनि रहिरहनु, दलित सम्बन्धी भएका संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि कानुनहरु नबन्नु, बनेका कानुनहरूको पनि सही ढंगले कार्यान्वयन नहुन, कार्यान्वयन गर्न राज्यका सरोकारवाला निकायहरु उदासिन हुनु, दलित आन्दोलनकर्मीहरूको आन्दोलन पनि सशक्त हुन नसक्नु आदि मुख्य समस्याहरु चुनौतीको रुपमा रहेका छन् । यसमा राज्य पक्ष र सरोकारवाला दुबै पक्ष गम्भीर भएर लाग्न आवश्यक छ ।

## दलितको राजनीतिक सहभागिताको अभ्यास

नेपालमा संगठित ढंगले दलित आन्दोलनको शुरुवात वि.सं. २००३ सालमा उनले विश्व सर्वजन संघ नामक संगठन गठन गरी बाग्लुङका भगत सर्वजीत विश्वकर्माले आन्दोलनलाई अघि बढाएका थिए । ठूलो जातका अगाडि सानो जातले परैबाट हात फैलाउनु पर्ने, सार्वजनिक स्थल, मन्दिर, कुवा आदिको प्रयोग साना जातले गर्न नहुने, एक अर्कासँग छोइन नहुने, बाटाघाटामा देखिन पुग्दा समेत ठूलो जातको साइत बिग्रने, एवं प्रकारले साना जातिप्रतिको पशुवत व्यवहार उनको मनमा विद्रोहको भावना जाग्यो । अनि गाउँबाट बेपत्ता भएर बनारस पुगेर सबैजसो धर्मग्रन्थहरु अध्ययन गरेर नेपाल फर्केर

संगठन निर्माण गरे (किसान, २०५८, पृ.९०) । विभिन्न खालसंघर्ष गर्दै जेल पर्दै छुट्दै संघर्ष गर्ने सिलसिलामा वि.सं. २००६ सालको जेष्ठ महिनामा बागलुङबाट १३ दिन लगाएर पैदल हिँडेर सर्वजीतको नेतृत्वको प्रतिनिधि मण्डलले ७ हात लामो विन्तीपत्र त्यसबेलाका प्रधानमन्त्री मोहन शमशेरलाई बुझायो । त्यसपछि उनीहरुको माग बमोजिम नै आइन्दा छुवाछूत भेदभाव नहुने, विश्वकर्माले जनै लगाउन पाउने, खड्का क्षेत्री थर लेख्न पाउने, गोलझारा (कोइला काटेबापत तिर्ने तिरो) रकम तिर्न नपर्ने आदि मागको सम्बोधन गर्दै मोहन शमशेरले लालमोहर लगाई प्रमाण थमाईदिए । त्यसपछि सो टोली खुशीले गद्गद् हुँदै ७ दिनमै जिल्ला फर्कियो (बराली, २०७६, पृ.४२–४३) ।

यसरी भगत सर्वजीतले असाध्यै उत्साहका साथ शुरु गरेको दलित आन्दोलन २००७ सालको आन्दोलनपछि खासै प्रभावकारी हुन सकेन । राणा शासनको विरुद्धमा लड्न गोपाल प्रसाद भट्टराईको विशेष प्रेरणामा कलकत्ताका चेतनशील तरुणहरुले गोरखा दुःख निवारण संघ को गठन गरेका थिए । त्यसमा सक्रियताका साथ संलग्न रहनेमा रुद्रप्रसाद गिरी, धनमान सिंह परियार, देवव्रत परियार, डी.के. शाही, डीएन प्रधान र सूर्यमान वान्तवा थिए (बस्नेत, २०६६) । नेपाली कांग्रेसमा दलित समुदायको प्रतिनिधित्व स्थापना कालदेखि नै हुँदै आएको पाइन्छ । वि.सं. २००३ साल माघ १२ देखि १३ सम्म सम्पन्न भएको नेपाली कांग्रेसको पहिलो महाधिवेशनबाट निर्वाचित समितिमा सभापतिमा टंक प्रसाद आचार्य नेपालको जेलमा) थिए भने कार्यकारी सभापतिमा विश्वेश्वरप्रसाद कोईराला थिए । त्यस संगठनको प्रचार सदस्यका रुपमा देवव्रत परियार निर्वाचित भएका थिए (नेपाली कांग्रेसको महाधिवेशन विशेष, २००३, पृ.१७५) । वि.सं. २००९ सालमा जनकपुरमा भएको पाँचौं महाधिवेशनबाट विपी कोइराला सभापति र धनमान सिंह महामन्त्रीमा निर्वाचित भएका थिए ९परियार, २०७९, पृ.३९) । नेपाली कांग्रेस पार्टीको इतिहासमा पहिलो पटक दलित समुदायको व्यक्ति महामन्त्री जस्तो महत्वपूर्ण पदमा निर्वाचित भएका थिए । पंचायत कालभरी दलित आन्दोलन सामान्य ढंगले अगाडि बढेपनि उल्लेख गर्ने गरी खासै घनिभूत हुन सकेन । राजा महेन्द्रबाट २०२० सालमा जारी गरेको मुलुकी ऐनको अदल १० मा छुवाछूत र जातपातको भेदभाव गर्न नपाइने प्रावधानको व्यवस्था त गरे तर, त्यही महलमा त्यसो गरेमा सजायको व्यवस्था राखिएन बरु सनातनदेखि चलिआएको परम्परालाई भेदभाव नमानिने कुरा उल्लेख गरियो (नयाँ मुलुकी ऐन, २०२०) । यसरी एक हातले अधिकार दिएको जस्तो गरी अर्को हातबाट खोस्ने काम भयो ।

२०४७ सालको संविधानको मूल प्रस्तावनामा धर्म सापेक्ष, राजतन्त्रात्मक राज्यसत्ता यथास्थितिमा राखी भाग ३ को धारा ११ (३) मा छुवाछूतलाई दण्डनीय भनी लेखियो । तर त्यसलाई कार्यान्वयन गर्ने ठोस कानून बनाउने कुनै प्रकारको पहल गरिएन (परियार, २०६५) । राजतन्त्रबाट दलित समुदायको मुक्ति हुन सम्भव नै थिएन । पञ्चायतकालमा दलित वर्गबाट धनमान सिंह परियार, हरकुमार सिंह परियार, हिरालाल विश्वकर्मा, टि. आर.

विश्वकर्मा र टेक बहादुर विश्वकर्मा राष्ट्रिय पंचायतमा मनोनित भए । त्यसैगरी हिरालाल विश्वकर्मा त सरकारमा पनि सामेल हुने मौका पाए । तर तिनीहरूबाट जातीय भेदभाव र छुवाछूत प्रथालाई हटाउने कानून बनाउन कुनै पहल गरिएन (किसान, २०५८) । यसबाट तत्कालिन शासकहरूले दलितलाई प्रयोग मात्रै गरेको तर उनीहरूको उत्थानमा महत्व नदिएको देखिन्छ । २०४६ सालको जनआन्दोलनबाट पंचायत ढलेपछि बल्ल दलितहरू आफैं पनि सचेत र संगठीत हुने क्रम शुरु भयो । पार्टीहरूले पनि यो समुदायको पक्षमा केही ध्यान दिएको देखिन्छ । नेपाल अधिराज्यको संविधान २०४७ ले "कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछूतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट बञ्चित गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ" भनिएको छ (नेपाल अधिराज्यको संविधान २०४७) ।

सदियौंदेखिको लामो संघर्ष पश्चात् मात्रै राजनीतिक आन्दोलनको रुपमा दलित मुक्ति आन्दोलन स्थापित भएको हो । नेपालको राजनीतिमा समावेशीकरणको मुद्दा नेपाली कांग्रेस र एमाले पार्टीहरूले पनि उठाउँदै आएका थिए । दलित सवाल विगतदेखिनै उठेपनि मुलभूत रुपमा दश वर्षे शसस्त्र द्धन्द्ध र २०६२/६३ को संयुक्त जनआन्दोलनको बलमा संविधानसभाबाट सामन्ती राजतन्त्रात्मक राज्यव्यवस्थाको अन्त्य भई गणतन्त्रको स्थापनाको क्रमसँगै सहभागितामा वृद्धि भएको देखिन्छ । नेपाली राजनीतिमा दलित मुद्दा सबै राजनीतिक पार्टीहरूले उठाउनै पर्ने तहमा विकास हुनु निकै नै सकारात्मक पक्ष रहेको छ । दलित समस्या र दलित आन्दोलनलाई नेपालका प्रमुख राजनीतिक पार्टीहरूले ठीक ढङ्गले बुझ्न जरुरी रहेको देखिन्छ ।

## राजनीतिक दलमा समावेशीताको वर्तमान अवस्था

गत २०७९ सालको संघ र प्रदेशको निर्वाचनको परिणामबाट पहिलो, दोस्रो र तेस्रो स्थानमा स्थापित भएका राजनीति दलहरु नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले दलित सम्बन्धी लिइएका नीति, केन्द्रको पार्टी संरचनामा सहभागीताको स्थितिलाई निम्नानुसार अध्ययन गरी विश्लेषण गर्न सकिन्छ ।

नेपाली कांग्रेसले गाउँपालिकाको वडा अधिवेशनदेखि विभिन्न तह हुँदै केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय महासमिति सदस्यसम्म निर्वाचित गर्दा दलित प्रतिनिधित्व गर्ने विधि निश्चित गरेको छ । त्यसैगरी केन्द्रीय कार्य समिति र केन्द्रीय कार्य सम्पादन समिति निर्वाचित गर्दा कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका दलित महाधिवेशन प्रतिनिधिमध्येबाट एक जना सह–महामन्त्रीमा र चार महिलासहित नौ जना केन्द्रीय कार्यसमितिमा निर्वाचित हुनेछन् (नेपाली कांग्रेसको विधान, २०१७, संशोधन सहित, पृ. ६५ र ६६) ।

**तालिका १**

*तीन राजनीतिक दलका केन्द्रीय समितिमा दलित प्रतिनिधित्वको अवस्था*

| क्र.सं. | राजनीतिक दल | केन्द्रीय समितिको संख्या | दलित प्रतिनिधित्व (प्रतिशत) |
|---|---|---|---|
| १ | नेपाली कांग्रेस | १५८ | ११ (६.९७) |
| २ | नेकपा (एमाले) | ३४५ | १९ (५.५१) |
| ३ | नेकपा (माओवादी केन्द्र) | ४५५ | ४१ (९.०१) |

*स्रोतः तीन पार्टीको केन्द्रीय कार्यालय ।*

नेपाली कांग्रेसले आरक्षणको नीतिलाई अघिसार्दैं आएको छ । साथै १४ जनाको पदाधिकारी मध्येमा १ जना सहमहामन्त्री दलित अनिवार्य निर्वाचित हुने संरचनाको विकास गरेको छ । नेपाली कांग्रेस पार्टीको हालको १५८ सदस्यीय केन्द्रीय कार्य समितिमा एक जना सहमहामन्त्री सहित ११ जना दलितको सहभागीता छ । जसमा ६.९७ प्रतिशत हुन जान्छ (स्रोत–केन्द्रीय कार्यालय, नेपाली कांग्रेस ) ।

नेकपा (एमाले) ले समावेशीकरणको सवालमा सबै तहका कमिटीमा श्रमिक, दलित, अल्पसंख्यक, आदिवासी–जनजाति र कमिटीमा आबद्ध सदस्यहरूको विशेषताअनुरुप सम्बन्धित अधिवेशनले निर्धारण गरेबमोजिम समावेशीकरण गरिनेछ (नेकपा–एमालेको विधान, २०७८ बाट संशोधन सहित, पृ.६२) । केन्द्रीय कमिटी सदस्यको उम्मेदवार हुनको लागि अन्य समुदायका व्यक्तिको हकमा कम्तिमा १० वर्ष पार्टी सदस्य भएर केन्द्रीय निकाय वा जिल्ला कमिटीमा काम गरेको हुनु पर्ने तर महिला, दलित, श्रमिक, अल्पसंख्यक, आदिवासी–जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने एक कार्यकाल जिल्ला कमिटी वा सो भन्दा माथिल्लो कमिटीको सदस्य भई काम गरेको वा सात वर्ष पार्टी सदस्य भई काम गरेको भए पुग्नेछ (नेकपा–एमालेको विधान, २०४९, पृ.६३) । नेकपा (एमाले) ले दलित सम्वन्धी नीतिका सवालमा छुवाछूत र जातीय विभेदका कसुरलाई गम्भीर सामाजिक अपराधको रुपमा लिँदै कठोर दण्डनीय बनाइनेछ । दलितहरूमाथि हुँदै आएको विभेद र उत्पीडनको क्षतिपूर्तिस्वरुप प्रगतिशील आरक्षणसहित शिक्षा, स्वास्थ्य, रोजगारी लगायत राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्वका लागि विशेष व्यवस्था गरिनेछ (नेकपा–एमाले)को नवौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन, २०४९, पृ.१३४) । दलित सम्वन्धी नीतिका सवालमा नेकपा (एमाले) ले प्रगतिशील आरक्षणको नीतिलाई अवलम्बन गर्दै आएको छ । यो नीतिले दलित समुदायलाई प्रगतिशील ढंगले आरक्षण गर्ने कुराको वकालत गर्दछ । एमाले पार्टीको कूल ३४५ सदस्यीय केन्द्रीय कमिटीमा दलित १९ जना दलितको सहभागीता छ । जसमा ५.५१ प्रतिशत हुन जान्छ (स्रोत–केन्द्रीय कार्यालय, नेकपा–एमाले) ।

नेकपा (माओवादी केन्द्र) ले दलित समावेशीताको सवालमा नीति अपनाउँदै आएको छ । समावेशी लोकतन्त्रको मान्यता अनुरुप जनप्रतिनिधि संस्थाहरूमा मिश्रित निर्वाचन प्रणाली अन्तर्गत महिला, दलित, मधेसी, जनजाति, पिछडिएको क्षेत्र, थारु, मुस्लिम र खस आर्य सबै समुदायको प्रतिनिधित्व गरिएको छ (२१ औं शताब्दीमा समाजवादको नेपाली बाटो, ऐतिहासिक आठौं राष्ट्रिय महाधिवेशनद्धारा पारित राजनीतिक प्रतिवेदन, २०७८, पृ.३३ ) । नेकपा (माओवादी केन्द्र) को विधानमा सबै तहका पार्टी समितिहरूको गठन गर्दा र अधिवेशन प्रतिनिधिहरू छनौट गर्दा मुलुकको बहुजातीय, सामाजिक विशेषता अनुरुपको समानुपातिक समावेशी आधारमा गरिनेछ । त्यसको लागि समितिको कुल सदस्य संख्याको ५० प्रतिशत समानुपातिक र बाँकी ५० प्रतिशत खुला गरी प्रतिनिधित्वको व्यवस्था गरिनेछ । विशेषाधिकारको मान्यता अनुसार कुल समानुपातिक सिट मध्येबाट दलितको हकमा १५ प्रतिशत र मुस्लिमको हकमा ५ प्रतिशत सहभागिता सुनिश्चित गर्न जनसंख्याको अनुपातले नपुगेको सीट संख्या मनोनित गरिने १० प्रतिशत सदस्य संख्याबाट पूर्ति गर्न सक्नेछ (नेकपा, माओवादी केन्द्र, विधान, २०७८) ।

नेकपा (माओवादी केन्द्र) ले पनि दलित समुदायलाई राज्यसत्ताका सबै अंग, निकाय र क्षेत्रहरूमा समानुपातिकतामाथि क्षतिपूर्तिका रुपमा थप अधिकार दिएर विशेषाधिकारको व्यवस्थाद्धारा अधिकारसम्पन्न बनाउने नीति अघिसारेको छ । माओवादी पार्टीको कुल ४५५ सदस्यीय केन्द्रीय समितिमा दलित ४१ जनाको सहभागीता छ । जसमा ९.०१ प्रतिशत हुन जान्छ । (स्रोतः केन्द्रीय कार्यालय, नेकपा–माओवादी केन्द्र) । त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीको दलित सम्बन्धी छुट्टै नीति देखिँदैन । यो पार्टीको केन्द्रीय समितिको कुल संख्या ३९ जनामा दलित ३ जना छन् । जसमा दलित प्रतिनिधित्व ७.७० प्रतिशत हुन आउँछ ।

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन, २०७९ को परिणामबाट ठूला दलको रुपमा स्थापित भएका तीन राजनीतिक दलहरूको केन्द्रीय समितिमा दलित प्रतिनिधित्वको उपस्थितिलाई विश्लेषण गर्दा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई व्यवहारमा लागू गर्नमा कमजोर सावित भएका छन् । नेपाली कांग्रेसले ६.४१ प्रतिशत, एमालेले ५.४४ प्रतिशत, माओवादी केन्द्रले ७.८० प्रतिशत दलित सहभागिता गराएका छन् । तीन राजनीतिक दलहरुको केन्द्रीय समितिमा सहभागिता तुलनात्मक रुपमा हेर्दा सबैभन्दा बढी प्रतिशत दलित माओवादी केन्द्रले प्रतिनिधित्व गराएको छ भने सबैभन्दा कम एमालेको रहेको देखिन्छ । त्यसैगरी पदाधिकारीको समावेशीताको सवालमा नेपालको राजनीतिक इतिहासमा राजनीतिक दलहरूमा नेपाली कांग्रेसले केन्द्रको पदाधिकारीमा दलित अनिवार्य हुने विधानतः व्यवस्था गर्नु ऐतिहासिक निर्णय हो ।

राजनीतिक दलको दलित सम्बन्धी नीति र समावेशीकरणको सवाललाई विश्लेषण गर्दा नीतिगत रुपमा ठोस भएपनि आफ्ना सांगठानिक संरचनामा समावेश गर्ने सवालमा भने उनीहरू निकै नै चुकेको देखिन्छ । आफूले अवलम्बन गरेको नीतिलाई केन्द्रमा राखेर सांगठानिक संरचनामा ठोस नीति र विधि बनाएर सहभागिता गराउने सन्दर्भमा इच्छा शक्ति नदेखाएर मनुवादी चिन्तन र प्रवृत्तिलाई प्रदर्शन गरेका छन् । आफ्नो मातृ पार्टीलाई समावेशीताको सवालमा दलित भातृ संगठनहरू पनि कमजोर र निरिह सावित भएका छन् । तसर्थ, राजनीतिक भातृ संगठनहरूले पनि दास मनोवृत्तिलाई त्यागेर आफ्नो पार्टीमाथिको समावेशीकरणको मुद्दामा संघर्षलाई घनिभूत बनाउनु पर्दछ ।

## संसदमा दलित सहभागिता

देशको कानुन बनाउने महत्वपूर्ण थलोको रुपमा संघीय संसदलाई लिने गरिन्छ । नेपालको सन्दर्भमा दलित समुदायलाई राजाको शासनकालमा पनि मनोनित गर्ने कुरा र पछिल्लो संसदीय शासन कालमा पनि निर्वाचनमा टिकट दिने र जित्ने वा समानुपातिक निर्वाचन प्रणालीमा मनोनित गर्ने दुवै प्रणालीमा राजनीतिक दलहरु निकै कमजोर र संकीर्ण देखिएका छन् । पञ्चायत कालमा राष्ट्रिय पञ्चायतमा राजाबाट मनोनित गर्दा पनि वि.सं. २०१९ सालदेखि २०४७ सालसम्म जम्मा ५ जना दलितहरु मनोनित भएका थिए । त्यसैगरी राष्ट्रिय सभामा वि.सं. २०१६ सालदेखि २०६१ सालसम्म राजाबाट ३ जना मनोनित सहित जम्मा ९ जना दलितहरु पुग्न सफल भएका छन् (स्रोतः संविधानसभामा दलित मुद्दा, पृ.२०) । अन्तरिम व्यवस्थापिका संसद–२०६३ मा नेपाली कांग्रेसबाट १ जना, एमालेबाट ३ जना, माओवादीबाट १२ जना र जनमोर्चा नेपालबाट २ जना गरी १८ जना दलित प्रतिनिधिहरू सांसद भएका छन् (दर्नाल, २०७९, पृ.१७–१८) ।

संघीय संसदमा दलित समुदायको प्रतिनिधित्व पहिलो संविधानसभा २०६४ देखि २०७९ सालमा भएको संघीय निर्वाचनसम्मको सहभागिताको स्थितिलाई विश्लेषण गर्दा राजनीतिक दलहरु दलित समुदायको यथोचित प्रतिनिधित्व गराउन भने चुक्दै आएको देखिन्छ । पहिलो संविधानसभामा ५० जना दलित पुग्न सफल भएका थिए । त्यतिबेला माओवादी पार्टीले समानुपातिक समावेशीताको मुद्दालाई प्राथमिकतामा राख्दै ७ जना दलित प्रत्यक्षबाट जिताएको थियो । अरु पार्टीले पनि सहभागितामा ध्यान दिएका थिए । दोस्रो संविधानसभामा त्यो संख्या ४१ मा झ¥यो । २०७४ सालको निर्वाचनमा प्रतिनिधित्वको संख्या स्वाट्टै झरी प्रत्यक्षमा ३ जनासहित १९ जनामा सिमित हुन पुग्यो । वि.सं. २०७९ सालको संघीय प्रतिनिधिसभाको निर्वाचनमा एक जना प्रत्यक्षसहित १६ जना दलितको सहभागितामा खुम्चिएको छ । यसबाट दलहरूमा झ्याङ्गिएको असमावेशी चरित्रलाई उजागर गरेको छ (रम्तेल, २०७९) ।

## स्थानीय तहमा दलित प्रतिनिधित्व

तालिका २

*स्थानीय तह निर्वाचन २०७९ मा दलित प्रतिनिधित्वको अवस्था*

| पद | जम्मा निर्वाचित संख्या | दलित निर्वाचित संख्या | प्रतिशत |
|---|---|---|---|
| नगरपालिका प्रमुख | २९३ | ३ | १ |
| नगरपालिका उपप्रमुख | २९३ | ८ | २.७३ |
| गाउँपालिका अध्यक्ष | ४६० | ६ | १.३ |
| गाउँपालिका उपाध्यक्ष | ४६० | ७ | १.५२ |
| वडा अध्यक्ष | ६७४३ | १४८ | २.१९ |
| वडा सदस्य | १३४८६ | ८८१ | ६.५३ |
| दलित महिला सदस्य | ६७४३ | ६६१९ | ९८.१६ |

स्रोतः समता फाउण्डेशन, ललितपुर ।

स्थानीय निर्वाचन ऐन, २०७३ ले स्थानीय तहको वडामा कम्तीमा एक जना दलित महिला जनप्रतिनिधि अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहमा सदस्यमा नै भएपनि दलित महिलाको प्रतिनिधित्व उल्लेख्य मात्रामा वृद्धि भएको छ । तर, दलितको सत्तामा हस्तक्षेप गर्ने तहमा अर्थपूर्ण हस्तक्षेप भने हुन सकेको देखिँदैन । स्थानीय तहको निर्वाचन २०७९ को आँकडा अनुसार कायपालिकाको प्रमुख र उपप्रमुखमा प्रतिनिधित्व हेर्दा मेयरमा कुल २९३ सख्यामा ३ जना (१), उपमेयरमा २९३ मा ८ जना (२.७३) प्रतिशत, अध्यक्षमा कुल ४६० संख्यामा ६ जना (१.३) प्रतिशत, उपाध्यक्षमा ४६० मा ७ जना (१.५२) प्रतिशत, वडा अध्यक्षमा कुल ६७४३ संख्यामा १४८ जना (२.१९) प्रतिशत, खुला सदस्यमा कुल १३४८६ संख्यामा ८८१ जना (६.५३) प्रतिशत र दलित महिला सदस्यमा कुल ६७४३ संख्यामा ६६१९ जना (९८.१६) प्रतिशत दलित समुदायको प्रतिनिधित्व भएको रहेको छ (नीतिपत्र १२, समता, पृ.३९) । स्थानीय तहमा दलित समुदायको उपस्थिति अझै धेरै न्यून नै रहेको छ । यसलाई बढाउन दलहरूले विशेष जोड गर्नुपर्दछ भने त्यसलाई वृद्धि गर्न तिनका भातृ संगठनहरुले आफ्ना पार्टीभित्र दबाबमूलक कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ ।

## राजनीतिक नियुक्ति र राजकीय पदहरूमा दलितको स्थिति

नेपालको राजनीतिमा संवैधानिक र कानूनी बाध्यात्मक प्रावधान बाहेक दलित समुदाय समुदायलाई राजनीतिक नियुक्तिमा वा अन्य राज्यका राजकीय पदहरूमा नियुक्ति गर्ने प्रक्रिया बिरलै पाईन्छ । राजतन्त्रात्मक कालमा राजा महेन्द्रबाट ४ जना दलितलाई

सल्लाहकार सभामा मनोनित गरिएको थियो । पंचायत कालमा राजाले हिरालाल विश्वकर्मालाई इतिहासमा पहिलो पटक दलितलाई शिक्षा सहायक मन्त्री बनाएका थिए । त्यसपछि पनि केही व्यक्तिलाई सहायक र राज्यमन्त्री बनाइयो । बहुदलीय कालमा थुप्रै मन्त्रीहरू दलित समुदायबाट भएपनि इतिहासमा पहिलो पटक बृहत् शान्ति सम्झौतापछि वि.सं. २०६३ सालको चैत्र २८ गते गिरिजाप्रसाद कोइराला नेतृत्वको मन्त्रीमण्डलमा माओवादीको तर्फबाट खड्गबहादुर विश्वकर्मा र एमालेको तर्फबाट छबिलाल विश्वकर्मा गरी दुई जना क्याबिनेट मन्त्रीको रुपमा नियुक्त हुनुभयो । त्यसपछि हालसम्म आउँदा यो समुदायका धेरै व्यक्तिहरू क्याबिनेट मन्त्री र राज्यमन्त्री हुँदै आएका छन् । पहिलेको तुलनामा पछिल्लो चरणमा दलहरुले दलितलाई मन्त्रीमा कहिलेकाहीँ समावेश गरेपनि राज्यमन्त्री मात्रै दिने प्रवृत्ति बढेको छ ।

इतिहासमा पहिलो पटक दलित समुदायबाट तिलक परियार प्रदेश प्रमुख भएका छन् । राजदुत नियुक्तिको सवालमा गुणलक्ष्मी विश्वकर्मा, पदम सुन्दास र डा. निर्मलकुमार विश्वकर्मा गरी तीन जना राजदुत भएका छन् । राज्यका अन्य क्षेत्रहरूमा छिटपुट रुपमा नियुक्ति गरेपनि संवैधानिक र कानूनी रुपमा ठोस व्यवस्था नहुँदा दलितहरू राजनीतिक नियुक्तिमा खासै पर्न सकेको देखिँदैन । राज्यको दलित समुदायप्रतिको अमूर्त नीति, राजनीतिक दलहरूमा झ्याङ्गिँदै गएको असमावेशी चरित्र, दलित समुदायप्रति हेर्ने मनुवादी दृष्टिकोण, दलित आन्दोलनको निस्तेज आदि कारणहरूले गर्दा राज्य संरचना र राजनीतिक दलभित्र दलित प्रतिनिधित्व कमजोर हुन पुगेको हो । यसमा मुख्यतः राजनीतिक दलहरू, निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीतन्त्र र सरोकारवाला पक्षहरूले योजनावद्ध रुपमा सहभागिता वृद्धि गर्न संवैधानिक र कानूनी प्रावधानको व्यवस्था गरिनु पर्दछ ।

## निश्कर्ष

नेपाली समाजमा दलित समुदायमाथिको उत्पीडनको विशिष्टता र मर्मलाई बुझ्ने सवालमा राजनीतिक दलका नेतृत्व पंक्ति र राज्य संचालकहरूमा गम्भीर समस्या रहँदैआएको छ । यो समुदायलाई आर्थिक, राजनीतिक, सामाजिक–सांस्कृतिक, शैक्षिक, रोजगारी लगायत सामाजिक जीवनका समग्र क्षेत्रहरूबाट सुनियोजित रुपमा बहिष्करण र अपमान गरिएको ऐतिहासिक सच्चाईलाई गहिरो गरी बुझ्न आवश्यक छ । नेपालको सन्दर्भमा दश वर्षको माओवादी जनयुद्धमा विकसित भएको जनचेतना र २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनपछि मात्रै समानुपातिक समावेशीताको मुद्दालाई

प्राथमिकतामा राखी संवैधानिक र कानूनी प्रावधानको विकास गरिएको हो । संविधानको मौलिक हकमा नै राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागीताको हक भएपनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन । राजनीतिक दलहरूमा पनि मनुवादी प्रवृत्ति अझैपनि रहिरहेको हुनाले दलितलाई नेतृत्व स्वीकार गर्ने, निर्वाचनमा टिकट दिने, निर्वाचनमा दलित जिताउन वातावरण बनाउने, राजकीय पदहरूमा छनौट गर्ने आदि यावत विषयहरु दल र नेताको प्राथमिकतामा परेको देखिँदैन । तसर्थ, राजनीतिक दलका विभिन्न संरचनाहरूमा र राज्यका विभिन्न निकायहरूमा दलित समुदायको जनसंख्याको आधारमा समानुपातिक ढंगले राजनीतिक प्रतिनिधित्वको लागि संविधान र कानुनमा नै बाध्यकारी प्रावधानको व्यवस्था गरी प्रभावकारी ढंगले कार्यान्वयमा लाग्नु पर्ने देखिन्छ । यसमा मुख्यतः राज्य लगायतका सबै सरोकारवाला पक्ष गम्भीर हुन आवश्यक छ ।

## सन्दर्भ सामाग्री

आहुति, (२०७१), *नेपालमा वर्णव्यवस्था र वर्गसङ्घर्ष,* समता फाउण्डेशन, ललितपुर ।

किसान, यामबहादुर (२०६५), *नेपालमा दलित जातीय मुक्ति आन्दोलन,* जन उत्थान प्रतिष्ठान, काठमाडौं ।

दर्नाल, लक्ष्मण (२०७९) *दलित समुदायको राजनीतिक प्रतिनिधित्व २००७–२०७९,* काठमाण्डौं, समता मिडिया फाउण्डेशन प्रा.लि.) ।

नेकपा (एमाले), केन्द्रीय कार्यालय (२०७८), *नेकपा (एमाले) पार्टीको विधान, २०४९* (प्रथम विधान महाधिवेशन, २०७८ र दशौं राष्ट्रिय महाधिवेशन, २०७८ बाट भएको संशोधनसहित)

नेकपा (एमाले), केन्द्रीय सचिवालय (२०७८), *राजनीतिक प्रतिवेदन,* (नेकपा (एमाले) को नवौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन) ।

नेपाल कानून आयोग (२०५०), *निजामति सेवा ऐन २०४९*।

नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७२), *नेपालको संविधान,* कानून किताब व्यवस्था समिति ।

परियार, जीवन (२०७९), *नेपाली कांग्रेस पार्टीको तेह्रौंदेखि चौधौं महाधिवेशनमा दलित समुदायको प्रतिनिधित्वः एक अध्ययन,* शोधपत्र, त्रि.वि. राजनीतिशास्त्र केन्द्रीय विभाग, किर्तिपुर, काठमाण्डौ ।

परियार, तिलक (२०६५), *महान जनयुद्ध र दलित आन्दोलन,* रत्नमाया दलित साहित्य संरक्षण समिति, धरान ।

बराली, रणेन्द्र (२०७६), *सङ्घर्षशील युगपुरुष भगत सर्वजित विश्वकर्मा,* भगत सर्वजित विश्वकर्मा प्रतिष्ठान, बाग्लुङ ।

बस्नेत, पुरुषोत्तम (२०६६), *नेपाली कांग्रेसको इतिहासको प्रारुप,* ललितपुर, बगलामुखी अफसेट प्रेस, कुपण्डोल ।

रम्तेल, परशुराम (२०७९), दलितको खस्कँदो प्रतिनिधित्व, *अन्नपूर्ण पोष्ट दैनिक पत्रिका,* २०७९ फागुन ४ ।

राष्ट्रिय दलित आयोग र नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (२०६८), *जातीय तथा अन्य छुवाछुत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८)* ।

लुइटेल, तिलकप्रसाद, (२०६१), *मनुस्मृति, श्लोकसहित सरल नेपाली अनुवाद,* पैरवी प्रकाशन, काठमाण्डौं ।

समता फाउन्डेसन (२०७९), *समता नीतिपत्र १२, २०७९, निर्वाचन २०७९ संघ, प्रदेश र स्थानीय तहमा दलित प्रतिनिधित्व,* समता फाउन्डेसन, ललितपुर ।

श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालय (२०४७), *नेपाल अधिराज्यको संविधान २०४७* , कानून किताब व्यवस्था समिति ।

श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालय (२०२०), *नयाँ मुलुकी ऐन*, कानून किताब व्यवस्था समिति, काठमाण्डौं ।